यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षता निम्न अनुसारको उपस्थितमा मिति २०८३।०२।२६ गते मंगलेवार दिउसोको ४:०० बजे यस मिथिला नगरपालिकाको कृषि भवनको हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक वसियो।

<u>उपस्थिति</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नागिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | इन्द्रकला |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादव | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८३।०२।२६ गते**

**बैठकका प्रस्ताव तथा निर्णयहरुः**

प्रस्ताव नं.१) नदिजन्य पदार्थको ठेक्का रकम असुल गर्ने सम्बन्धमा ।

निर्णय नं.१) प्रस्ताव नं १ माथि छलफल गर्दा चालु आ.व. को गिट्टी वालुवा लगायत नदिजन्य पदार्थको ठेक्का आवहान भएकोमा ठेक्दारलाई बारम्बार ताकेता गर्दा हालसम्म सम्झौता बमोजिमको रकम नबुझाएकोले बुझाउन बाँकी रकम बैङ्क जमानतबाट जफत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२) आयोजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं.२) प्रस्ताव नं २ माथि छलफल गर्दा यही मिति २०८३ बैशाख र जेष्ठ महिनाको हाल सम्म जम्मा करिब २०० बटा भौतिक पूर्वाधार आयोजना सम्झौता भएकोमा यस कार्यालयमा मिति २०८३/०२/३० सम्म सम्झौताका लागि थप दर्ता हुने शिक्षा ,स्वास्थ्य , खानेपानी, सिचाई लगायत विकास पूर्वाधारका योजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ मिति २०८३/०३/१५ गते सम्म सम्मपन्न हुने गरि कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.३) आयोजनाहरुको भुक्तानी सम्बन्धमा ।

निर्णय नं.३) प्रस्ताव नं ३ माथि छलफल गर्दा आंयोजनाहरुको कार्यसम्पन्न प्रतिवेदन सहित नगर प्रमुख समक्ष पेश हुने फाइल तथा टिप्पणी आदेशमा नगर प्रमुखले उपयुक्त निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.४) सामुदायीक विद्यालयमा विनियोजित अनुदान रकम सम्बन्धमा ।

निर्णय नं. ४) प्रस्ताव नं.४ माथि छलफल गर्दा यस पालिकाबाट नगर भित्रका सामुदायीक विद्यालयहरुको लागि विनियोजित अनुदान रकमका योजना तथा कार्यक्रम प्रचलित कानून वमोजिम सम्बन्धित विद्यालयमा हस्तान्तर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५) ठेक्का सम्बन्धमा ।

निर्णय नं.५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस पालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि बहुवर्षीय ठेक्का टेन्डर आवहान गर्ने निर्णय गरियो ।